# एकल विन्दु सेवा केन्द्र

## एक अध्ययन

उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
भाद्र, २०७७

# विषय सूची


**भाग – एक  परिचय खण्ड ........ १**

१.१ अध्ययनको पृष्ठभूमि ........ १

१.२ समस्याको कथन ........ १

१.३ अध्ययनको उद्देश्य ........ २

१.४ अध्ययनको महत्व ........ २

१.५ अध्ययनको विधि ........ २

१.६ अध्ययनको सीमा ........ ३

**भाग – दुई नीतिगत तथा कानूनी व्यवस्था ........ ४**

२.१ औद्योगिक नीति, २०६७ ........ ४

२.२ औद्योगिक व्यवसाय ऐन, २०७६ ........ ४

२.३ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ........ ६

२.४ औद्योगिक व्यवसाय नियमावली,२०७६ ........ ७

२.५ पन्ध्रौँ योजना (आर्थिक वर्ष २०७६।७७-२०८०।८१) ........ ८

२.६ आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम ........ ८

२.७ आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्य ........ ९

२.८ आर्थिक वर्ष २०७७।७८ को मौद्रिक नीति ........ ९

२.९ संस्थागत/संरचनात्मक व्यवस्था ........ ९

२.९.१ निकायगत प्रतिनिधित्व: ........ ९

२.९.२ एकल विन्दु सेवा केन्द्रमा रहेका एकाइहरु: ........ १०

२.९.३ एकल विन्दु सेवा केन्द्रमा रहने कर्मचारीको दरबन्दी: ........ १०

२.१० संगठन संरचना: ........ १२

**भाग- तीन एकल विन्दु सेवा केन्द्रका एकाइहरुको काम, कर्तव्य, अधिकार ........ १३**

**भाग- चार  एकाइगत कार्य प्रगतिको विश्लेषण ........ १८**

४.१ एकल विन्दु सेवा केन्द्रको प्रगति विवरण ........ १८

**भाग- पाँच समस्या ........ २२**

५.१ नीतिगत एवम् कानूनी समस्या ........................................ २२
५.२ संरचनागत समस्या ........................................ २२
५.३ प्रक्रियागत समस्या ........................................ २२
५.४ व्यवस्थापकीय समस्या ........................................ २२
५.५ अधिकार प्रत्यायोजनमा समस्या ........................................ २३
५.६ अनुगमन मूल्यांकनमा समस्या ........................................ २३
**भाग- छ सुझाव ........................................ २४**
६.१ नीतिगत तथा कानूनी सुधार ........................................ 24
६.२ संरचनागत सुधार ........................................ 24
६.३ प्रक्रियागत सुधार ........................................ 24
६.४ व्यवस्थापकीय सुधार ........................................ 25
६.५ अधिकार प्रत्यायोजनको व्यवस्थामा गर्नुपर्ने सुधार ........................................ 25
६.६ अनुगमन मूल्यांकनमा गर्नुपर्ने सुधार ........................................ २५
६.७ अन्य सुझावहरु........................................ २६
६. ६ सुझाव कार्यान्वयनका लागि कार्ययोजना........................................ २७
**अनुसूची**

# भाग – एक
# परिचय खण्ड

## १.१ अध्ययनको पृष्ठभूमि

प्रचलित नेपाल कानून बमोजिम उद्योगको अनुमति, दर्ता, स्थापना, विस्तार, विदेशी लगानी स्वीकृत, बहिर्गमन लगायत उद्योग प्रशासन सम्बन्धी कार्य तथा उद्योग वा लगानीकर्ताले पाउने प्रोत्साहन, छुट, सुविधा, सहुलियत लगायतका सेवाहरूलाई सरल एवं सहज रूपमा एकै स्थानबाट उपलब्ध गर्न, गराउन नेपाल सरकारले उद्योग विभागमा एकल विन्दु सेवा केन्द्र सञ्चालन गरेको छ।

यस केन्द्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल विद्युत प्राधिकरण, नेपाल दुरसञ्चार प्राधिकरणको प्रतिनिधित्व रहने गरी विभिन्न नौवटा एकाइहरुमार्फत एकै थलोबाट सेवा प्रवाह हुँदै आएको छ।

२०७६ जेठ १ गतेबाट एकल विन्दु सेवा केन्द्रमार्फत उद्योगी तथा लगानीकर्तालाई एकद्वार प्रणालीमार्फत सेवा प्रवाह हुँदै आएको छ। औद्योगिक सेवालाई थप सहज, सहज र लगानीमैत्री बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभागबाट निरन्तर सुधारका प्रयास भैरहेका छन्। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, वार्षिक बजेट र मौद्रिक नीतिले समेत एकल विन्दु सेवा केन्द्रको सेवालाई थप प्रभावकारी बनाउन विशेष महत्व दिएको छ।

## १.२ समस्याको कथन

एकद्वार प्रणाली मार्फत उद्योग प्रशासन सम्बन्धी सबै सेवाहरु एकै स्थानबाट प्रवाह गर्ने सन्दर्भमा एकल विन्दु सेवा केन्द्र स्थापना भएको हो। स्वदेशी तथा विदेशी लगानीकर्तालाई एकल विन्दु सेवा केन्द्र मार्फत के कसरी सेवा प्रवाह भइरहेको छ र यसलाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ।
देहायका विषयहरुमा केन्द्रिकृत भई अध्ययन गरिएको छः

- एकल विन्दु सेवा केन्द्रबाट हाल के कस्ता सेवा प्रवाह भइरहेका छन्?

- एकल विन्दु सेवा केन्द्र सञ्चालनमा के कस्ता समस्या रहेका छन्?
- एकल विन्दु सेवा केन्द्रलाई थप प्रभावकारी बनाउन के गर्न सकिन्छ?

**१.३ अध्ययनको उद्देश्य**

यस अध्ययनको उद्देश्यलाई देहायका बुँदाहरुमा समावेश गरिएको छ-

- एकल विन्दु सेवा केन्द्रबाट प्रवाह भइरहेका सेवाको विश्लेषण गर्ने।
- एकल विन्दु सेवा केन्द्रमा रहेका समस्याहरुको पहिचान गर्ने।
- एकल विन्दु सेवा केन्द्रबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन आवश्यक सुझावहरु सिफारिश गर्ने।

**१.४ अध्ययनको महत्व**

'समृद्ध नेपाल- सुखी नेपाली' को लक्ष्य हासिल गर्न मुलुकमा उद्योग क्षेत्रको विकास र विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउन विशेष पहल गरिदै आएको छ। यसैको फलस्वरुप उद्योग विभागमा एकल विन्दु सेवा केन्द्रको स्थापना गरी एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गरिदै आएको छ। यस केन्द्र मार्फत उद्योग क्षेत्रको विकास र विस्तार गर्न भएका नीतिगत, कानूनी, संरचनागत, संस्थागत तथा प्रक्रियागत व्यवस्थालाई अध्ययन तथा विश्लेषण गरी आवश्यक सुझाव दिन यो अध्ययन उपयोगी रहने छ। उद्योग क्षेत्रका सेवा प्रदायक र सेवाग्राहीबीच निहीत समस्याहरुलाई पहिचान गरी तिनको निराकरणका निम्ति कार्ययोजनासहितको सुझाव दिन यो अध्ययनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

**१.५ अध्ययनको विधि**

यस अध्ययनका लागि देहायको विधि अवलम्बन गरिएको छः

- एकल विन्दु सेवा केन्द्र स्थापनाका लागि भएका नीति तथा कार्यक्रम, निर्णय, सूचना, आदेश तथा प्रतिवेदनको अध्ययन, विश्लेषण
- उद्योग विभागका शाखाहरुको कार्य प्रक्रियाको अध्ययन
- एकल विन्दु सेवा केन्द्रमा रहेका ईकाइहरुको अध्ययन
- उद्योग विभाग तथा एकल बिन्दु सेवा केन्द्रका कर्मचारी तथा सेवाग्राहीसँगको छलफल तथा अन्तरक्रिया

**१.६ अध्ययनको सीमा**

- एकल विन्दु सेवा केन्द्रको सन्दर्भमा हालसम्म भएको नीतिगत, कानूनी, संरचनागत र कार्यगत वस्तुस्थितिको अध्ययनको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।
- सीमित समयमा यो अध्ययन गरिएको हुँदा अन्तर्राष्ट्रिय पद्धति र परिवेशलाई समावेश गर्न सकिएको छैन।

# भाग – दुई
# नीतिगत तथा कानूनी व्यवस्था

## २.१ औद्योगिक नीति, २०६७

औद्योगिक नीति, २०६७ मा एकल विन्दु सेवा केन्द्र स्थापनाका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छ-

- उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार र बहिर्गमन एवम् उद्योगले पाउने सुविधाका सम्बन्धमा सरल एवं पारदर्शी समयसीमा अनुरूप तोकिएको समयभित्र सरल प्रक्रियाद्वारा सुविधा तथा सहुलियत पाउने व्यवस्था सुनिश्चित गर्न "एकल विन्दु सेवा केन्द्र" स्थापना गरी प्रभावकारी बनाइनेछ। (बुँदा नं. १०.२०)
- हाल कार्यरत एकद्वार समितिको कार्य सम्पादनमा परेका कठिनाईहरूलाई हटाउने गरी एकल विन्दु सेवा केन्द्रलाई अधिकार सम्पन्न बनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याउने गरी काम कर्तव्य सुनिश्चित गरिनेछ। (बुँदा नं. १०.२३)
- एकल बिन्दु सेवा केन्द्र एकल बिन्दु सेवा केन्द्र (One Stop Service Centre): कानुनद्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै बिना भन्झट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन उद्योग विभागमा एकल बिन्दू सेवा केन्द्रको गठन गरिनेछ। उक्त सेवा केन्द्रको काम, कर्तब्य र अधिकारसम्बन्धी व्यवस्था कानूनद्वारा गरिनेछ। (बुँदा नं. २०.७)

## २.२ औद्योगिक व्यवसाय ऐन, २०७६

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ र ३८ मा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छः

- एकल बिन्दु सेवा केन्द्रको स्थापना: (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवं सहज प्रक्रियाद्वारा र नेपाल सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरू समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरू प्रवाह गर्ने प्रयोजनको लागि नेपाल सरकारले तोकिए बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

  (२) उपदफा (१) बमोजिमको एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुऱ्याइने सेवा, केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तोकिए बमोजिम हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ।त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले आवश्यक अधिकारसमेत प्रत्यायोजन गर्नु पर्नेछ ।

(४) एकल बिन्दु सेवा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा सञ्चालन समिति गठन गर्नेछ।

- एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार: (१) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
  - (क) प्रचलित कानून बमोजिम कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी (दामासाही बाहेक) लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,
  - (ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति सम्बन्धी कार्य गर्ने,
  - (ग) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने,
  - (घ) प्रचलित कानून बमोजिम भिसा सुविधा सम्बन्धी कार्य गर्ने,
  - (ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
  - (च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरुबीच सम्पर्क बिन्दु (फोकल पोइण्ट) सम्बन्धी कार्य गर्ने
  - (छ) प्रचलित कानून बमोजिम उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट ,सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,
  - (ज) प्रचलित कानून बमोजिम विदेशी मुद्रा विनिमय स्वीकृति सम्बन्धी कार्य गर्ने,
  - (झ) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रदान गर्ने,

(ञ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने,

(ट) बोर्डले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ठ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृतिपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ड) उद्योग व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागतजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा विद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(ढ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(ण) आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा प्रचलित कानून बमोजिम अनुमति दिने वा सोको लागि सिफारिस गर्ने,

(त) लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,

(थ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(द) मन्त्रालय र बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ध) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरु गर्ने।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा यस दफा बमोजिम एकल बिन्दु सेवा केन्द्रले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवं सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सोको प्रक्रिया सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## २.३ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २३ मा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छ-

- एकल बिन्दु सेवा केन्द्र मार्फत् सेवा उपलब्ध गराइनेः (१) नेपाल सरकारले विदेशी लगानीकर्तालाई यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम प्रदान गरिने छुट, सुविधा, सहुलियत वा सेवाहरू एकल बिन्दु सेवा केन्द्र मार्फत् उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

  (२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरूको व्यवस्थापन गर्दा क्रमशः देहायका सेवाहरू प्रदान गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछः- एकल बिन्दु सेवा केन्द्र मार्फत् सेवा उपलब्ध गराइनेः(१)

  (क) उद्योगको दर्ता तथा उद्योग प्रशासन,

  (ख) विदेशी लगानी र ऋणको स्वीकृति,

  (ग) कम्पनी दर्ता तथा कम्पनी प्रशासन,

  (घ) श्रम स्वीकृति,

  (ङ) भिसा सुविधा,

  (च) उद्योगबाट उत्पादित वस्तुको गुणस्तर मापन तथा नियन्त्रण,

  (छ) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति,

  (ज) उर्जा र पूर्वाधार विकास तथा सोको लागि आवश्यक समन्वय एवं अन्य निकायहरुका बीच सम्पर्क बिन्दु (फोकल पोइन्ट),

  (झ) उद्योगले पाउने छुट, सुविधा,

  (ञ) स्थायी लेखा नम्बर प्रदान गर्ने कार्य,

  (ट) विदेशी विनिमय स्वीकृति,

  (ठ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम उद्योगका लागि गर्नुपर्ने अन्य कार्यसँग सम्बन्धित कुनै सेवा।

  (३) एकल बिन्दु सेवा केन्द्रलाई यस दफा बमोजिम प्रदान गरिने सेवा सुविधाका अतिरिक्त प्रचलित कानून बमोजिमका अन्य सेवाहरु प्रदान गर्ने गरी तोक्न सकिनेछ ।

## २.४ औद्योगिक व्यवसाय नियमावली,२०७६

औद्योगिक व्यवसाय नियमावली,२०७६ को नियम २२ र २३ मा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छः

- एकल बिन्दु सेवा केन्द्रः (१) प्रदेशमा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग र साना उद्योगले ऐन तथा यस नियमावली बमोजिम प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत प्रदेशस्तरबाट नै प्रदान गर्नको लागि सम्बन्धित प्रदेशले आवश्यकता अनुसार एकल बिन्दु सेवा केन्द्र स्थापना गर्न सक्नेछ।

(२) गाउँपालिका वा नगरपालिकामा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगले ऐन तथा यस नियमावली बमोजिम प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत स्थानीयस्तरबाट नै प्रदान गर्नको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुखको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी एकल बिन्दु सेवा केन्द्र स्थापना गर्न सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम गठन हुने एकल बिन्दु सेवा केन्दको लागि आवश्यक पर्ने जनशक्ति सम्बन्धित प्रदेश, गाउँपालिका वा नगरपालिकाले व्यवस्था गर्नु पर्नेछ।

- निर्देशन पालना गर्नुपर्नेः (१) मन्त्रालयले ऐन तथा यस नियमावली बमोजिम एकल बिन्दु सेवा सञ्चालन समितिले गर्नु पर्ने काम कारबाहीका सम्बन्धमा सो समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र मन्त्रालयले दिएको निर्देशन पालना गर्नु एकल बिन्दु सेवा सञ्चालन समितिको कर्तव्य हुनेछ।

  (२) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूले वर्षभरिमा गरेका काम कारबाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

## २.५ पन्ध्रौँ योजना (आर्थिक वर्ष २०७६।७७-२०८०।८१)

पन्ध्रौँ योजनाको उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन को रणनीति तथा कार्यनीतिमा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था रहेको छ:

**रणनीतिः** लगानीमैत्री वातावरण तयार गर्न प्रविधि प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास गर्ने।

**कार्यनीतिः** उद्योग/ लगानीको दर्ता प्रणाली तथा उद्योगसँग सम्बन्धित सबै सेवालाई एकीकृत रुपमा उपलब्ध गराउन अन्तरनिकाय आवद्धता सहितको एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी बनाइनेछ।

## २.६ आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम

नेपाल सरकारको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रममा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छ:

- एकल विन्दु सेवा केन्द्रले स्वेदेशी तथा विदेशी लगानीकर्तालाई आवश्यक सबै सेवाहरु एकै थलोबाट उपलब्ध गराउन सुरु गरेको छ। यस केन्द्रलाई आवश्यक अधिकार उपलब्ध गराइनेछ। यस केन्द्रको कार्यप्रणालीलाई पूर्णत: सूचना प्रविधिमा आधारित गराइनेछ। (बुँदा नं. १४५)

## २.७ आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्य

नेपाल सरकारको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यको बुँदा नं. १५६ मा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छः

- निजी लगानी प्रोत्साहित गर्न चालु आर्थिक वर्ष सञ्चालनमा ल्याइएको एकल विन्दु सेवा केन्द्रलाई स्वचालित बनाई लगानी कर्तालाई सहज र गुणस्तरीय सेवा प्रदान गरिनेछ । कम्पनी दर्ता, नविकरण वा खारेजी प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाई विकेन्द्रित गरिनेछ । वैदेशिक व्यापार सहजीकरण गर्न नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २.८ आर्थिक वर्ष २०७७।७८ को मौद्रिक नीति

नेपाल राष्ट्र बैकबाट जारी भएको आर्थिक वर्ष २०७७।७८ को मौद्रिक नीतिको दफा १५९ मा एकल विन्दु सेवा केन्द्रका सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छः

- नेपाल सरकार, उद्योग विभाग अन्तर्गत स्थापित एकल विन्दु सेवा केन्द्रमा रहेको विदेशी विनिमय सहजीकरण एकाईलाई थप प्रभावकारी बनाइने छ ।
-

## २.९ संस्थागत/संरचनात्मक व्यवस्था

### २.९.१ निकायगत प्रतिनिधित्व:

एकल विन्दु सेवा केन्द्रमा देहाय बमोजिमको निकायगत प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ-

(क) उद्योग विभाग,
(ख) कम्पनी रजिष्ट्रारको कार्यालय,
(ग) आन्तरिक राजश्व विभाग,
(घ) उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय,
(ङ) वन तथा वातावरण मन्त्रालय,
(च) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(छ) अध्यागमन विभाग,
(ज) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,
(झ) भन्सार विभाग,
(ञ) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
(ट) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग,
(ठ) नेपाल राष्ट्र बैंक,
(ड) नेपाल विद्युत प्राधिकरण,

(ढ) नेपाल दुरसञ्चार प्राधिकरण ।

**२.९.२ एकल विन्दु सेवा केन्द्रमा रहेका एकाइहरु:**

(क) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण एकाइ

(ख) उद्योग दर्ता एकाइ

(ग) वातावरण एकाइ

(घ) विदेशी विनिमय सहजीकरण एकाइ

(ङ) भिसा सहजीकरण एकाइ

(च) भन्सार तथा राजस्व सहजीकरण एकाइ

(छ) जग्गा सहजीकरण एकाइ

(ज) पूर्वाधार एकाइ


(झ) प्रशासन तथा कानून एकाइ

**२.९.३ एकल विन्दु सेवा केन्द्रमा रहने कर्मचारीको दरबन्दी:**

| पद | सेवा, समूह, श्रेणी | संख्या |
|---|---|---|
| प्रमुख कार्यकारी | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.प्रथम श्रेणी | १ |
| निर्देशक | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.द्वितीय श्रेणी | ३ |
| निर्देशक | नेपाल प्रशासन सेवा, राजश्व समूह, रा.प.द्वितीय श्रेणी | १ |
| निर्देशक (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प.द्वितीय श्रेणी | १ |
| निर्देशक (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, रा.प.द्वितीय श्रेणी | १ |
| कानून अधिकृत | नेपाल न्याय सेवा, कानून समूह, रा.प.द्वितीय श्रेणी | १ |
| निर्देशक (प्राविधिक) | नेपाल विविध सेवा, रा.प.द्वितीय श्रेणी (कम्प्युटर) | १ |
| उप निर्देशक | नेपाल राष्ट्र बैक, रा.प.द्वितीय श्रेणी सरह | १ |
| शाखा अधिकृत | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.तृतीय श्रेणी | ५ |
| शाखा अधिकृत | नेपाल प्रशासन सेवा, राजश्व समूह, रा.प.तृतीय श्रेणी | २ |
| इञ्जिनियर (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प.तृतीय श्रेणी | १ |

| | | |
|---|---|---|
| मेकानिकल इञ्जिनियर (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, केमिकल समूह, रा.प.तृतीय श्रेणी | १ |
| कम्प्युटर इञ्जिनियर (प्राविधिक) | नेपाल विविध सेवा, रा.प.तृतीय श्रेणी | १ |
| इलेक्ट्रोनिक इञ्जिनियर (प्राविधिक) | नेपाल विद्युत प्राधिकरण, सातौँ तह | १ |
| इलेक्ट्रोनिक इञ्जिनियर (प्राविधिक) | नेपाल दुरसञ्चार प्राधिकरण, सातौँ तह | १ |
| वन अधिकृत (प्राविधिक) | नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प.तृतीय श्रेणी | १ |
| वातावरण निरीक्षक (प्राविधिक) | नेपाल विविध सेवा, (वातावरण) रा.प.तृतीय श्रेणी | १ |
| नायब सुब्बा | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. प्रथम श्रेणी | ५ |
| सर्भेयर (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प.अनं. प्रथम श्रेणी | १ |
| कम्प्युटर अपरेटर | नेपाल विविध सेवा, रा.प.अनं. प्रथम श्रेणी | ५ |
| कार्यालय सहयोगी | श्रेणी विहीन | ५ |
| जम्मा | | ४१ |

## २.१० संगठन संरचना:



## भाग- तीन

## एकल विन्दु सेवा केन्द्रका एकाइहरुको काम, कर्तव्य, अधिकार

एकल विन्दु सेवा केन्द्र अन्तर्गतका विभिन्न एकाइहरुको काम, कर्तव्य अधिकार देहाय बमोजिम रहेको देखिन्छ।

| **ईकाइ** | **विषयगत कानून** | **सम्बन्धित निकाय सम्बन्धी प्रचलित कानूनी व्यवस्था (औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ र ३८ एवं विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २३ अनुसार)** |
|---|---|---|
| **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण एकाइ** | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (ख) विदेशी लगानी र ऋणको स्वीकृति, |
| | औद्योगिक व्यवसाय ऐन, २०७६ | (ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति सम्बन्धी कार्य गर्ने,<br>(त) लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने |
| **उद्योग दर्ता एकाइ** | औद्योगिक व्यवसाय ऐन, २०७६ | (क) प्रचलित कानून बमोजिम कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी (दामासाही बाहेक) लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने<br>(ट) बोर्डले आफ्ना काम कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरु गर्ने<br>(द) मन्त्रालय र बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने<br>(ध) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरु गर्ने |

| | | |
|---|---|---|
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (क) उद्योगको दर्ता तथा उद्योग प्रशासन कार्य गर्ने, |
| प्रविधि तथा वातवरण एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (च) उद्योगबाट उत्पादित बस्तुको गुणस्तर मापन तथा नियन्त्रण गर्ने<br>(छ) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, |
| प्रशासन, सुविधा तथा कानून एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (छ) प्रचलित कानून बमोजिम उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट ,सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,<br>(ड) उद्योग व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागतजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा विद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,<br>(थ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (झ) उद्योगले पाउने छुट, सुविधा,<br>२३(१). नेपाल सरकारले विदेशी लगानीकर्तालाई यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम प्रदान गरिने छुट, सुविधा, सहुलियत वा सेवाहरू एकल बिन्दु सेवा केन्द्र मार्फत उपलब्ध गराउने। |

| | | |
|---|---|---|
| विदेशी विनिमय सहजीकरण एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (ज) प्रचलित कानून बमोजिम विदेशी मुद्रा विनिमय स्वीकृति सम्बन्धी कार्य गर्ने। |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (ट) विदेशी विनिमय स्वीकृति, |
| भन्सार तथा राजस्व सहजीकरण एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (झ) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रदान गर्ने,<br>(ञ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (ञ) स्थायी लेखा नम्बर प्रदान गर्ने कार्य, |
| भिसा सहजीकरण एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (घ) प्रचलित कानून बमोजिम भिसा सुविधा सम्बन्धी कार्य गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (ङ) भिसा सुविधा, |
| जग्गा सहजीकरण एकाई | औद्योगिक व्यवसाय ऐन, २०७६ | (ढ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दी भन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने, |

| | | |
|---|---|---|
| कम्पनी रजिष्ट्रार एकाइ प्रतिनिधि | औद्योगिक व्यवसाय ऐन, २०७६ | (क) प्रचलित कानून बमोजिम कम्पनी, सम्बन्धी (दामासाही बाहेक) कार्य गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (ग) कम्पनी दर्ता तथा कम्पनी प्रशासन, |
| पूर्वाधार एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरुबीच सम्पर्क बिन्दु (फोकल पोइण्ट) सम्बन्धी कार्य गर्ने<br>(ठ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृतिपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (ज) उर्जा र पूर्वाधार विकास तथा सोको लागि आवश्यक समन्वय एवं अन्य निकायहरुका बीच सम्पर्क बिन्दु (फोकल पोइन्ट), |
| श्रम तथा व्यवसायजन्य सुरक्षा एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (ग) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने, |
| | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | (घ) श्रम स्वीकृति, |

| | | |
|---|---|---|
| वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण एकाइ | औद्योगिक व्यवसाय ऐन, २०७६ | (ण) आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा प्रचलित कानून बमोजिम अनुमति दिने वा सोको लागि सिफारिस गर्ने,<br>(त्र) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने, |

* मिति २०७६।०१।१६ को राजपत्रमा प्रकाशित सूचनामा उल्लिखित एकाइहरु मध्ये विदेशी लगानी तथा प्रविधि हस्तान्तरण एकाइ, प्रशासन तथा सुविधा एकाइ, वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण एकाइ, श्रम तथा व्यवसायजन्य सुरक्षा एकाइ कम्पनी रजिष्ट्रार एकाइ कायम नभएको।

# भाग- चार
# एकाइगत कार्य प्रगतिको विश्लेषण

## ४.१ एकल विन्दु सेवा केन्द्रको प्रगति विवरण

एकल विन्दु सेवा केन्द्र स्थापना भएपश्चात २०७७ असार मसान्तसम्मको प्रगति विवरण देहाय अनुसार रहेको छ-

| क्र.सं. | एकाइ | निकायगत प्रतिनिधित्व | प्रगति | कैफियत |
|---|---|---|---|---|
| क | उद्योग दर्ता एकाइ | उद्योग विभाग | ● उद्योग दर्ताः ३४८<br>● सञ्चालन अनुमतिः ३<br>● क्षमता बृद्धिः ४४<br>● उद्योगको खारेजी: ३ | |
| ख | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण एकाइ | उद्योग विभाग | ● ब्यवसायिक भिसा सिफारिस- १७७५<br>● गैह्र पर्यटकीय भिसा सिफारिस -५५<br>● विदेशी लगानी स्वीकृति -२८९<br>● नयाँ प्रविधि हस्तान्तरण स्वीकृति -४०<br>● रिपार्टेशनका लागि ४९ वटा उद्योगको डेभिडेन्ट सिफारिस रकम रु ८८७७६६९८०७.१० | |

| | | | | |
|---|---|---|---|---|
| | | | ● रोयल्टीका लागि २४ वटा उद्योगको सिफारिस रकम रु. २१७४३६३२६४.४१ | |
| ग | प्रशासन तथा कानून एकाइ | उद्योग विभाग | ● निर्यातमा अनुदानको लागि सिफारिस निवेदन संख्या-३९०<br>● औद्योगीक कच्चा पदार्थ आयातको लागि सिफारिस निवेदन संख्या -८०<br>● एक्जीम कोड सिफारिसको लागि निवेदन संख्या-२०१<br>● भन्सार छुट सिफारिस-४ वटा<br>● श्रम स्वीकृति सिफारिस- ९ वटा<br>● कार्य सहमतिको सिफारिस- ९ वटा<br>● मेशीनरी आयात सिफारिस -२३ वटा<br>● कच्चा पदार्थ आयात सिफारिस– २४ वटा<br>● Packaging Materials सिफारिस -४ वटा<br>● विदेशी मुद्रा सटही सुविधा सिफारिश -४० वटा | - |
| घ | जग्गा सहजीकरण एकाइ | भूमिव्यवस्था सहकारी तथा गरिवि निर्वारण मन्त्रालय | ● उद्योगको लागि हदबन्दी भन्दा बढी जग्गा खरिद सिफारिस गरेको -५ वटा | |
| ङ | भिसा सहजीकरण एकाइ | अध्यागमन विभाग | व्यवसायिक भिसा जारी - २८५७<br>श्रमिक भिसा जारी - ५० | |

| | | | | |
|---|---|---|---|---|
| च | वातावरण एकाइ | उद्योग विभाग | ● उद्योगहरुको IEE प्रतिवेदन स्वीकृतिका लागि IEE समिति समक्ष पेश -३९<br>● IEE प्रतिवेदन स्वीकृत -३४<br>● Revised IEE स्वीकृति -५<br>● EIA/SD/TOR मा राय दिएको - ९<br>● EIA प्रतिवेदनमा राय दिएको - ३ | - |
| छ | विदेशी विनिमय सहजिकरण एकाइ | नेपाल राष्ट्र बैंक | ● जम्मा आवेदन दर्ता संख्या- २९३ वटा<br>● प्राप्त आवेदनमध्ये कार्य फर्छौट संख्या- २८१ वटा<br>● केन्द्रबाटै कार्य फर्छौट भएको संख्या- ९२ वटा<br>● लाभांश सिफारिश- २७ वटा<br>● लाभांश स्वीकृति- ५ वटा | |
| ज | भन्सार तथा राजश्व सहजीकरण एकाइ | आन्तरिक राजश्व विभाग | विदेशी लगानी भएका ४० वटा उद्योगलाई PAN जारी गरिएको। | |
| | | भन्सार विभाग | EXIM Code जारी - १४४ वटा<br>EXIM Code नवीकरण – ११ वटा<br>EXIM Code खारेजी - ५ वटा | |
| झ | कम्पनी रजिष्टार एकाइ, | कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता देखी खारेजीसम्मको कुनै कार्य नभएको। | |

| | | | | |
|---|---|---|---|---|
| ञ | वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण एकाइ | वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग | फर्म दर्ता देखी खारेजीसम्मको कुनै कार्य नभएको । | निकायगत प्रतिनिधित्व हुन बाँकी |
| ट | श्रम तथा व्यवसायजन्य सुरक्षा एकाइ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | श्रम इजाजत तथा स्वीकृति सम्बन्धी कुनै काम नभएको । | |
| ठ | पूर्वाधार एकाइ | ● वन तथा वातावरण मन्त्रालय,<br>● भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>● नेपाल विद्युत प्राधिकरण,<br>● नेपाल दुरसंचार प्राधिकरण | | |

# भाग- पाँच
# समस्या

## ५.१ नीतिगत एवम् कानूनी समस्या

- एकल विन्दु सेवा केन्द्र सञ्चालन सम्बन्धी छाता ऐनको अभाव रहेको,
- एकल विन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्न विषयगत कानूनमा संशोधन हुन नसकेको,
- एकल विन्दु सेवा केन्द्र सञ्चालन कार्यविधिको अभाव रहेको।

## ५.२ संरचनागत समस्या

- कार्य प्रकृति, कार्य भार र कार्य विवरणका आधारमा कार्य विश्लेषण गरी एकाइ तथा दरबन्दी यकिन नभएको।
- एकल विन्दु सेवा केन्द्रका लागि आवश्यक पर्ने स्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृत भैनसकेको।

## ५.३ प्रक्रियागत समस्या

- एकल विन्दु सेवा केन्द्रबाट विद्युतीय प्रणालीमार्फत एकिकृत सेवा प्रवाह गर्न नसकिएको,
- बाह्य निकायबाट प्रतिनिधित्व गर्ने कर्मचारीहरुले पूर्ण अधिकारको अभावमा आफ्नो तालुक अड्डामा फायल पेश गर्नुपर्ने अवस्था रहेको।

## ५.४ व्यवस्थापकीय समस्या

- एकल विन्दु सेवा केन्द्रमा कार्यरत कर्मचारीलाई उत्प्रेरणात्मक सुविधा दिन नसकेको।
- एकल विन्दु सेवा केन्द्रका असल अभ्यासको अवलोकन भ्रमणको अवसर उपलब्ध नभएको।
- फरकफरक निकायको प्रतिनिधित्व हुने हुँदा Sense of Belongingness ले मनोवैज्ञानिक असर पारेको।
- एकल विन्दु सेवा केन्द्रमा हालसम्म निम्न निकायको प्रतिनिधित्व हुन नसकेको:
  - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
  - वन तथा वातावरण मन्त्रालय,

- ○ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
- ○ वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग,
- ○ कम्पनी रजिष्टार कार्यालय,
- ○ नेपाल विद्युत प्राधिकरण र
- ○ नेपाल दूरसञ्चार प्राधिकरण।

- विगत देखिका उद्योग प्रशासनसँग सम्बन्धित कागजात तथा अभिलेख विद्युतिय प्रणालीमा व्यवस्थित गर्न नसकिएको।

## ५.५ अधिकार प्रत्यायोजनमा समस्या

- औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ (३) मा निकायबाट खटिई आउने कर्मचारीलाई सम्बन्धित निकायले अधिकार प्रत्यायोजन गर्ने व्यवस्था हुँदा एकल विन्दु सेवा केन्द्रका कार्यकारी प्रमुख प्रति उत्तरदायी नभएको,
- एकल विन्दु सेवा केन्द्रले ऐनमा तोकिएका सबै काम गर्न सक्ने गरी पूर्ण रुपमा अधिकार प्रत्यायोजन नभएको।

## ५.६ अनुगमन मूल्यांकनमा समस्या

- उद्योग दर्ता र विदेशी लगानी स्वीकृत हुँदाका बखत तोकिका शर्तहरु पालना भए नभएको विषयमा अनुगमन प्रभावकारी हुन नसकेको।
- उद्योग प्रशासनसँग सम्बन्धित कार्यको अनुगमनको लागि जनशक्ति तथा श्रोत साधनको अभाव रहेको।

## भाग- छ

## सुझाव

माथि उल्लिखित पृष्ठभूमिमा एकल विन्दु सेवा केन्द्रलाई थप प्रभावकारी बनाउन निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ।

### ६.१ नीतिगत तथा कानूनी सुधार

(क) एकल विन्दु सेवा केन्द्रका सम्पुर्ण कार्यहरुलाई समेटने गरी छाता ऐन बनाई विशिष्टिकृत केन्द्रको रुपमा कार्य सञ्चालनको व्यवस्था गर्नुपर्ने।

(ख) एकल विन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकारलाई थप प्रभावकारी बनाउन औद्योगिक व्यवसाय ऐन, २०७६ मा अनुसूची १ अनुसार र विषयगत कानूनहरुमा अनुसूची २ बमोजिम संशोधन गर्नुपर्ने।

(ग) एकल विन्दु सेवा केन्द्रका काम, कर्तव्य र अधिकारहरुलाई समेटेर कार्यविधि/निर्देशिका तयार गरी लागू गर्नुपर्ने।

### ६.२ संरचनागत सुधार

(क) एकल विन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न समग्र पदहरुको कार्य विवरणको अध्ययन विश्लेषण गरी एकाइको छनौट तथा अनुसूची ४ मा उल्लिखित स्थायी दरबन्दी सहितको संरचना स्वीकृत हुनुपर्ने।

(ख) एकल विन्दु सेवा केन्द्रका लागि आवश्यक पर्ने स्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृतिका लागि पेश भएको संगठन तथा व्यवस्थापन सर्भेक्षणमा पुनरावलोकन गरी स्वीकृत हुनुपर्ने।

### ६.३ प्रक्रियागत सुधार

(क) एकल विन्दु सेवा केन्द्रबाट प्रवाह हुने सम्पूर्ण सेवा प्रवाहलाई एकीकृत विद्युतीय प्रणालीमा आबद्ध गरिनुपर्ने।

(ख) हाल विद्यमान कानूनी व्यवस्था अनुसार एकल विन्दु सेवा केन्द्रमा विभिन्न निकायगत प्रतिनिधित्व रहने निकायहरुबाट खटी आउने कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेकोमा आफूलाई प्राप्त अधिकार प्रत्यायोजनको सीमाभन्दा बढीको कार्य सम्पादन गर्न सम्बन्धित निकायका कर्मचारीहरुले आफ्नो तालुक निकायमा फायल पेश गरी निकासा लिने गरेकोमा एकल विन्दु सेवा केन्द्रलाई अधिकार प्रत्यायोजन हुनुपर्ने।

(ग) प्रतिनिधित्व गर्ने निकायको आआफ्नो कार्यविधि, निर्देशिका, परिपत्रबाट निर्देशित हुँदा कार्य सम्पादनमा एकरुपता कायम गर्ने कार्यविधि तर्जुमा गरी समन्वय तथा सहजीकरण समितिको व्यवस्था गर्नुपर्ने ।

## ६.४ व्यवस्थापकीय सुधार

(क) निकायगत प्रतिनिधित्व हुने कर्मचारीको दोहोरो जिम्मेवारीलाई हटाई एकल विन्दु सेवा केन्द्रमा सिमित गर्नुपर्ने ।

(ख) एकल विन्दु सेवा केन्द्रमा कार्यरत कर्मचारीलाई कार्य सम्पादनको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउनुपर्ने ।

(ग) एकल विन्दु सेवा केन्द्र सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासको अवलोकन भ्रमण तथा तालिमको अवसर उपलब्ध गराउनुपर्ने ।

(घ) एकल विन्दु सेवा केन्द्रमा हालसम्म प्रतिनिधित्व हुन नसकेका निकायको प्रतिनिधित्व हुनुपर्ने ।

(ङ) निजामती सेवा बाहेक अन्य निकायबाट खटिने कर्मचारीको समेत कार्यसम्पादन मूल्यांकन एकल विन्दु सेवा केन्द्रका कार्यकारी प्रमुखबाट हुनुपर्ने ।

(च) एकल विन्दु सेवा केन्द्र संचालनको लागि आवश्यक श्रोत साधनको व्यवस्थापन हुनुपर्ने ।

(छ) एकल विन्दु सेवा केन्द्रको प्रभावकारिता सम्बन्धमा सरोकारवाला निकायहरु बीच समय समयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

## ६.५ अधिकार प्रत्यायोजनको व्यवस्थामा गर्नुपर्ने सुधार

(क) औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ (३) मा निकायबाट खटिई आउने कर्मचारीलाई सम्बन्धित निकायले अधिकार प्रत्यायोजन गर्ने व्यवस्थाको सट्टा एकल विन्दु सेवा केन्द्रको कार्यकारी प्रमुखलाई नै अधिकार प्रत्यायोजन गर्नेगरी ऐनमा संशोधन गर्नुपर्ने,

(ख) एकल विन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार सम्बन्धमा औद्योगिक व्यवसाय ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा उल्लिखित व्यवस्थालाई पूर्ण रुपमा सम्बोधन गर्ने गरी अनुसूची ३ बमोजिम सम्बन्धित निकायबाट अधिकार प्रत्यायोजन हुनुपर्ने।

## ६.६ अनुगमन मूल्यांकनमा गर्नुपर्ने सुधार

(क) उद्योग दर्ता र विदेशी लगानी स्वीकृत हुँदाका बखत तोकिका शर्तहरु पालना भए नभएको विषयमा वार्षिक कार्ययोजना बनाई अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्ने ।

(ख) उद्योग प्रशासनसँग सम्बन्धित कार्यको अनुगमनको लागि जनशक्ति तथा श्रोत साधनको आवश्यक व्यवस्था गर्नुपर्ने ।

### ६.७ अन्य सुझावहरु

(क) प्रदेश र स्थानीय तहमा गठन हुने एकल विन्दु सेवा केन्द्र र उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्र बीच समन्वय हुनुपर्ने ।

(ख) नेपाली, अंग्रेजी लगायत आवश्यकतानुसारका अन्य भाषाहरुमा लगानी सम्बन्धी जानकारी दिन Investors Guideline तयार गरी Digital Display, Website र Booklet को माध्यमबाट सेवाको बजारीकरण गर्ने ।

(ग) एकल विन्दु सेवा केन्द्रमा रहेको Invertor Facilitation Centre लाई थप प्रभावकारी बनाउन दक्ष सहजकर्ताको व्यवस्था गर्ने ।

**एकल विन्दु सेवा केन्द्रका समस्या र समाधानका सुझावलाई संक्षेपीकरण गरी अनुसूची ५ मा बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।**

## ६. ६ सुझाव कार्यान्वयनका लागि कार्ययोजना

| क्र.सं. | सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | एकल विन्दु सेवा केन्द्रका लागि छाता ऐन बनाउने | छाता ऐनको मस्यौदा तयार गरी स्वीकृतिका लागि प्रक्रिया अघि बढाउने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग विभाग | २०७७ चैत्र | ऐनको मस्यौदा तयार भई संसदमा पेश भएको हुने |
| २. | औद्योगिक व्यवसाय ऐन, तथा विषयगत कानूनहरुमा संशोधन गर्ने | संशोधन हुने दफाहरु पहिचान गरी मस्यौदा गर्ने<br>केही नेपाल ऐन संशोधनमा राख्ने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, विषयगत मन्त्रालय | उद्योग विभाग | २०७७ माघ | सम्बद्ध ऐन संशोधनको मस्यौदा तयार भई संसदमा पेश भएको हुने |
| ३. | एकल विन्दु सेवा केन्द्र सञ्चालन कार्यविधि/ निर्देशिका तयार गर्ने | मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने | उद्योग विभाग | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७७ पुष | कार्यविधि/निर्देशिका तयार भई लागू भएको हुने |
| ४. | स्थायी दरबन्दीको संगठन संरचना स्वीकृत गर्ने | प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने | संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग विभाग | २०७७ असोज | संगठन संरचना स्वीकृत भई लागू भएको हुने |
| ५. | एकीकृत विद्युतीय प्रणालीको विकास गरी लागू गर्ने | Full Automation का लागि बोलपत्र आव्हान गरी प्रक्रिया अघि बढाउने | उद्योग विभाग | सूचना प्रविधि विभाग | २०७८ जेठ | स्वचालित विद्युतीय प्रणालीमार्फत सेवा प्रवाह भएको हुने |

| क्र.सं. | सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| ६. | कार्य सम्पादनको आधारमा प्रोत्साहन सुविधा लागू गर्ने | कार्य सम्पादन सूचक तयार गर्ने प्रोत्साहन सुविधा स्वीकृतिका लागि पेश गर्ने | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग विभाग | २०७७ कार्तिक | कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा स्वीकृत भई लागू भएको हुने |
| ७. | एकाइका रिक्त पदमा निकायगत प्रतिनिधित्व हुनुपर्ने | रिक्त पद यकिन गरी प्रतिनिधित्व हुन नसकेका निकायहरुमा पदपूर्तिका लागि लेखी पठाउने | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग विभाग | २०७७ कार्तिक | सबै निकायको प्रतिनिधित्व भएको हुने |
| ८. | आवश्यक श्रोत साधनको व्यवस्था गर्ने | एकल विन्दु सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने इन्धन, कार्यालय सञ्चालन खर्च, मेसिन उपकरण, फर्निचर आदिको व्यवस्था गर्ने | अर्थ मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७७ असोज | आवश्यक श्रोत साधन उपलब्ध भएको हुने |
| ९. | एकल विन्दु सेवा केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने | एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने निकायबाट आवश्यक अधिकार केन्द्रलाई प्रत्यायोजन गराउने | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रतिनिधित्व गर्ने निकायहरु | २०७७ कार्तिक | आवश्यक अधिकार प्रत्यायोजन भएको हुने |
| १०. | उद्योगलाई तोकिएका शर्तको पालनाको अनुगमन गर्ने | उद्योग विभागमार्फत सम्बन्धित उद्योगलाई तोकिएका शर्तहरु पालना भए नभएको अनुगमन गर्ने | उद्योग विभाग | सरोकारवाला अन्य निकायहरु | निरन्तर | उद्योगहरुले शर्त पालना गरेको हुने |
| ११. | विदेशी लगानी सम्बन्धी जानकारीमूलक ब्रोसर पुस्तिका प्रशासन गर्ने | नेपाली, अंग्रेजी, चाइनिज लगायत ५ भाषामा ब्रोसर प्रकाशन गर्ने | उद्योग विभाग | निजी क्षेत्रका छाता संगठनहरु | २०७७ फाल्गुन | विदेशी लगानी सम्बन्धी जानकारीमूलक ब्रोसर पुस्तिका प्रकाशित भएको हुने |
| १२. | निकायगत समन्वय र सहजीकरण गर्ने | एकल विन्दु सेवा केन्द्रको प्रभावकारीताका लागि विभिन्न | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग विभाग र सम्बद्ध निकायहरु | निरन्तर | अन्तर निकाय समन्वय प्रभावकारी भएको हुने |

| क्र.सं. | सुझाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| | | मन्त्रालय तथा निकायबीच समन्वय गर्ने | | | | |

अनुसूची १

## औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन प्रस्ताव

| क्र.स. | दफा | प्रचलित कानूनी व्यवस्था | प्रस्तावित कानूनी व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | ४ (२) | (२) उपदफा (१) बमोजिमका उद्योगहरु बाहेक अन्य उद्योगहरुको दर्ता, नवीकरण र नियमन लगायत उद्योग प्रशासन सम्बन्धी कार्य सम्बन्धित प्रदेश सरकारबाट हुनेछ।<br>तर अनुमति लिनु पर्ने उद्योगको हकमा अनुमति लिनु पर्नेछ।<br>**उपनियम (२क) थप:** | (२) उपदफा (१) बमोजिमका उद्योगहरु बाहेक अन्य उद्योगहरुको दर्ता र नियमन लगायत उद्योग प्रशासन सम्बन्धी कार्य सम्बन्धित प्रदेश सरकारबाट हुनेछ।<br>(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भएका अनुमति लिनु पर्ने उद्योगको प्रशासन सम्बन्धी कार्य उद्योग दर्ता गर्ने निकायबाट नै हुनेछ । | कानून बमोजिम प्रदेशबाट उद्योग प्रशासन भइरहेका साना साना उद्योगको नियमन र प्रशासन समेत विभागबाट गर्दा उद्योग वा विभाग दुवैलाई कठिन हुने हुनाले पहिला नै दर्ता भएका अनुमति लिनु पर्ने उद्योगको हकमा समेत दर्ता गर्ने निकायबाट नै प्रशासन गर्ने व्यवस्था हुदा सहज हुने । |
| २. | ९(३) | (३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र वा सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र उक्त अवधि बढाउनका लागि तोकिए बमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ । | (३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र वा सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र उक्त अवधि बढाउनका लागि दफा ६० को उपदफा (२) बमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ । | ऐनमा शुल्क नतोकिएका कारणले म्याद थाम्न नसकी उद्योग संचालनमा समस्या आएको र शुल्कका सम्बन्धमा नियमावली बन्न प्रक्रिगत रूपमा पनि केही समय लाग्ने हुन्छ । जसका कारण उद्योग म्याद थप सम्बन्धी कार्यमा बाधा पर्ने हुदा सो अवस्थाको निराकणका लागि ऐन संशोधन हुन आवश्यक भएको । |

| | | | | |
|---|---|---|---|---|
| ३. | ९(३क) | दफा ९ को उपदफा (३) पछि उपदफा (३क) र (३ख) थपिएको। | (३क) उपदफा (२) र (३) जुनसुकै कुरा लेखिएको भएतापनि उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्ने म्यादभित्र कुनै प्राकृतिक विपद् वा कर्फ्यू वा निधेषाज्ञाको घोषणा वा संक्रामक रोगका कारण बन्दाबन्दी (लकडाउन) भएमा त्यस्तो बन्द वा बन्दाबन्दी (लकडाउन) खुलेको मितिले बाटोको म्याद बाहेक ३० दिनभित्र निवेदन दिनु पर्ने छ। <br> (३ख) उपदफा (३क) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न म्याद थपका लागि निवेदन दिदा सो उपदफा बमोजिमको परिस्थिति उत्पन्न भएको व्यहोरा पुष्टयाँइ गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नु पर्नेछ। | नेपालमा बन्दाबन्दी )लकडाउन( घोषणा भएको कारण उद्योगको संचालनका लागि म्याद थपका निवेदन यस्तो व्यवस्था गर्न आवश्यक भएको छ। |
| ४. | ३७(३) | (३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वका लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ। त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले आवश्यक अधिकार समेत प्रत्यायोजन गर्नु पर्नेछ। | (३) एकल बिन्दु सेवा केन्द्रमा निकायत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ। | सम्बन्धित निकायको कानूनमा आफना मातहतका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको तथा केन्द्रमा प्राप्त अधिकार कार्यकारी प्रमुखले निजहरूलाई प्रत्यायोजन गर्न सक्ने भएकाले। |
| | ३७(५) | उपदफा (१) बमोजिम एकल विन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि नेपाल सरकारले नेपाल | हटाउने | मिति २०७६ साल जेठ १ गतेदेखि एकल विन्दु सेवा केन्द्र सञ्चालनमा |

| | | | | |
|---|---|---|---|---|
| | | राजपत्रमा सूचना प्रकाशन गरी एकल विन्दु सेवा सञ्चालन समिति गठन गर्न सक्नेछ। | | आइसकेकोले सञ्चालन समिति आवश्यक नपर्ने। |
| ५. | ३८ (१) | (ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति सम्बन्धी कार्य गर्ने, | (ख) प्रचलित कानून बमोजिम विदेशी लगानी सम्बन्धी कार्य गर्ने, | प्रचलित व्यवस्थामा केही अस्पष्ट रहेकाले सोलाई थप स्पष्ट गर्न आवश्यक भएकाले संशोधन प्रस्ताव गरिएको। |
| | | (ग) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने, | (ग) प्रचलित कानून बमोजिम श्रम इजाजत, श्रम स्वीकृति वा कार्य सहमति सम्बन्धी कार्य गर्ने। | प्रचलित व्यवस्थामा केही अस्पष्ट रहेकाले सोलाई थप स्पष्ट गर्न आवश्यक भएकाले संशोधन प्रस्ताव गरिएको। |
| | | (ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, | (ङ) प्रचलित कानून बमोजिम उद्योगको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धी कार्य गर्ने, | प्रचलित व्यवस्थामा केही अस्पष्ट रहेकाले सोलाई थप स्पष्ट गर्न आवश्यक भएकाले संशोधन प्रस्ताव गरिएको। |
| | | (ढ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने, | (ढ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउने सम्बन्धमा मन्त्रालयमार्फत नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने, | प्रचलित व्यवस्थामा केही अस्पष्ट रहेकाले सोलाई थप स्पष्ट गर्न आवश्यक भएकाले संशोधन प्रस्ताव गरिएको। |
| ६. | ३८क. थप | ३८क. नयाँ थप गरिएको। | **३८क. केन्द्रलाई अधिकार प्रत्यायोजन गर्नेः** (१) प्रचलित कानून बमोजिम कुनै पनि उद्योग वा विदेशी लगानीकर्ताका हकमा एकल बिन्दु सेवा केन्द्रबाट सम्पादन हुन सक्ने कार्यका सम्बन्धमा कुनै पनि निकायका | औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ को उपदफा (३) मा आफनो प्रतिनिधि कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था छ। तर |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकारप्राप्त अधिकारीले कानूनको अधीनमा रही आवश्यक अधिकार केन्द्रलाई प्रत्यायोजन गर्नु पर्नेछ।<br>(२) उपनियम (१) बमोजिम केन्द्रका प्रमुखले प्राप्त सबै वा केही अधिकार दफा ३८ को उपदफा (३) बमोजिम खटी आएका सम्बन्धित निकायका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नहुदा केन्द्रका प्रमुखमा त्यो जिम्मेवारी नै नआएका कारण केन्द्रको भूमिका प्रभावकारी हुन नसकेकाले संशोधन गर्न आवश्यक भएकाले । |
| ७. | ५८ (क) | दफा थप गर्ने | **विभागले औद्योगिक विवरण अद्यावधिक गर्नेः** (१) विभागले संध, प्रदेश र स्थानिय तह अन्तर्गत दर्ता भएका उद्योगको औद्योगिक विवरण अद्यावधिक तथा व्यवस्थित गर्नुपर्नेछ।<br>(२) उपदफा (१) को प्रयोजनका लागि प्रदेश सरकार अन्तर्गतका निर्देशनालय, कार्यालय र स्थानीय तहले विभाग समक्ष मासिक रुपमा तोकिए बमोजिम उद्योगको विवरण विभागमा पठाउनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिमको विवरण विद्युतीय माध्यमबाट समेत पठाउन सकिनेछ।<br>(४) औद्योगिक विवरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नेपाल भरका उद्योगको विवरण एकिकृत गर्न आवश्यक हुने र सोको लागि विभाग मार्फत प्रदेश र स्थानीय तहबीच समन्वय गरी विवरण तयार गर्दा प्रभावकारी हुने देखिएकाले सो सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक देखिएको। |
| ७. | ६० (१) | दफा ६० को उपदफा (१) | दफा ६० को उपदफा (१) मा रहेको तीन महिना भन्ने शब्दहरूको सट्टा एक बर्ष भन्ने शब्दहरू राखिएको छ। | नेपालमा बन्दाबन्दी (लकडाउन) घोषणा भएको कारण उद्योग संचालनका लागि म्याद गर्न निवेदन दिने अवधी बढाउन आवश्यक भएको तथा हालसम्म लकडाउन नै रहेको र लकडाउन अन्त हुने अनिश्चित रहेकाले |

| | | | | |
|---|---|---|---|---|
| | | | | यो १ बर्ष २०७७ माघ २७ सम्म कायम गर्न उपयुक्त देखिएको। |
| | ६०(क) | दफा थप गर्ने | **उद्योगको व्यतित म्याद समर्थन सम्बन्धी विशेष व्यवस्था:**<br>यो ऐन प्रारम्भ हुनु अघि म्याद थप नगरी सञ्चालन म्याद गुजारी उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरिसकेका उद्योगको हकमा एक पटकका लागि यो दफा प्रारम्भ भएको मितिले ३ महिनाभित्र व्यतित म्याद समर्थनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।<br>उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले गुज्रिएको म्याद समर्थन गर्नुपर्ने मनासिब कारण देखेमा दफा ६० को उपदफा (२) बमोजिमको शुल्क लिई व्यतित म्याद समर्थन गर्न सक्नेछ। | केही उद्योगहरुले म्याद थप नगरी सञ्चालन गरेको र सो कुरा हाल जानकारी भएकाले त्यस्तो समस्यालाई सम्बोधन गर्न आवश्यक भएकोले।<br><br>(यसरी कानून परिवर्न गर्ने हो भने दफा ४३ निष्क्रिय हुन सक्छ । सजाय गर्नु पर्नेलाई कानूनले छुट दिदै जानु हुदैन । Justification उपयुक्त देखिएन । यो व्यवस्था राख्न थप अध्ययन गर्नु पर्ने ) |

# अनुसूची २
# एकल बिन्दु सेवा केन्द्रसंग सम्बन्धित कानूनमा अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थामा संशोधन प्रस्ताव

| **नेपाल राष्ट्र बैक ऐन, २०५८ मा संशोधन** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | दफा | प्रचलित कानूनी व्यवस्था | प्रस्तावित कानूनी व्यवस्था | संशोधनको कारण |
| १. | २ (ल३) | नयाँ थप | (ल३) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा गर्न वाञ्छनीय भएको। |
| २. | १०८क. | नयाँ थप | **१०८क. अधिकार प्रत्यायोजन** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन र प्रचलित कानुन बमोजिम बैकलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार एकल विन्दु सेवा केन्द्रलाई प्रत्यायोजन गर्न सक्नेछ। | ऐनमा बैकका कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था छ तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नहुदा केन्द्रलाई अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकाले। |
| **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन** | | | | |
| ३. | २ (ङ१) | नयाँ थप | ( ङ१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले । |
| ४. | २१क. | थप गर्नु पर्ने | **२१क. अधिकार प्रत्यायोजन** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन र प्रचलित कानुन बमोजिम बैकलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार एकल विन्दु सेवा केन्द्रलाई प्रत्यायोजन गर्न सक्नेछ। | ऐनमा अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएको केन्द्रलाई अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकाले। |

| | | | | |
|---|---|---|---|---|
| **अध्यागमन ऐन,२०४९ मा संशोधन** | | | | |
| ५. | २ (च१) | नयाँ थप | (च१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले । |
| ६. | १५ | १५. अधिकार प्रत्यायोजन गर्न सक्नेः यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आफ्नो मातहतका अन्य अधिकृत वा कर्मचारीलाई सुम्पन सक्नेछ | १५. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आफ्नो मातहतका अन्य अधिकृत वा कर्मचारी वा एकल विन्दु सेवा केन्द्रले प्रयोग गर्न सक्ने गरी प्रत्यायोजन गर्न सक्नेछ । | ऐनमा कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था छ तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएककाले अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकाले । |
| **श्रम ऐन,२०७४ मा संशोधन** | | | | |
| ७. | २ (क१) | नयाँ थप | (क१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले । |
| ८. | १७४ | १७४. अधिकार प्रत्यायोजन गर्न सक्नेः यस ऐन अन्तर्गत मन्त्रालय वा विभाग वा कार्यालयलाई प्राप्त अधिकारमध्ये केही वा सम्पूर्ण अधिकार कुनै कार्यालय वा अधिकृतले प्रयोग गर्न सक्ने गरी प्रत्यायोजन गर्न सकिनेछ । त्यसरी अधिकार प्रत्यायोजन गरेकोमा | १७४. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** यस ऐन अन्तर्गत मन्त्रालय वा विभाग वा कार्यालयलाई प्राप्त अधिकारमध्ये केही वा सम्पूर्ण अधिकार कुनै कार्यालय वा अधिकृत वा एकल विन्दु सेवा केन्द्रले प्रयोग गर्न सक्ने गरी प्रत्यायोजन गर्न सकिनेछ । त्यसरी अधिकार प्रत्यायोजन गरेकोमा सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ । | श्रम ऐनमा मातहतका कार्यालय र कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेको छ । तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नहुदा केन्द्रलाई अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ। | | |
| **भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन** | | | | |
| ९. | २ (झ१) | नयाँ थप | (झ१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले। |
| १०. | ५७ | ५७. अधिकार प्रत्यायोजन गर्नेः नेपाल सरकारले यो ऐन बमोजिम पाएको कुनै अधिकार सूचित आदेशद्वारा कुनै अधिकारी वा समितिलाई सुम्पन सक्नेछ | ५७. **अधिकार प्रत्यायोजन गर्नेः** नेपाल सरकारले यो ऐन बमोजिम पाएको कुनै अधिकार सूचित आदेशद्वारा कुनै अधिकारी, एकल विन्दु सेवा केन्द्र वा समितिलाई सुम्पन सक्नेछ। | नेपाल सरकारले केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नहुदा केन्द्रलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्ने गरी व्यवस्था गर्न आवश्यक भएकाले। |
| **अन्त शुल्क ऐन, २०५८ मा संशोधन** | | | | |
| ११. | २ (ण१२) | नयाँ थप | (ण१२) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले। |
| १२. | | २०. अधिकार प्रत्यायोजन नहुनेः दफा १५ र १६ बमोजिम अन्तः शुल्क अधिकृतलाई प्राप्त अधिकार प्रत्यायोजन हुन सक्ने छैन। | २०. **अधिकार प्रत्यायोजन नहुनेः** यस ऐन अन्तर्गत मन्त्रालय वा विभाग वा कार्यालयलाई प्राप्त अधिकारमध्ये केही वा सम्पूर्ण अधिकार कुनै कार्यालय वा अधिकृत वा एकल विन्दु सेवा केन्द्रले प्रयोग गर्न सक्ने गरी प्रत्यायोजन गर्न सकिनेछ।<br>तर दफा १५ र १६ बमोजिम अन्तः शुल्क अधिकृतलाई प्राप्त अधिकार प्रत्यायोजन हुन सक्ने छैन | अन्तशुल्क ऐनमा मातहतका कार्यालय र कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेको छ। तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएकाले अधिकार प्रत्यायोजन गर्न आवश्यक भएको देखिएको। |
| **भन्सार ऐन,२०६४ मा संशोधन** | | | | |
| १३. | २ (न१) | नयाँ थप | (न१) एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले। |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | |
| १४. | ८३ | ८३. अधिकार प्रत्यायोजन गर्न सक्नेः (१) नेपाल सरकारले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महानिर्देशक वा सो सूचनामा तोकिएको अरु कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।<br>(२) यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार आफनो मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | ८३. **<u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u>** (१) नेपाल सरकारले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महानिर्देशक वा एक विन्दु सेवा केन्द्रको कार्यकारी प्रमुख र सो सूचनामा तोकिएको अरु कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।<br>(२) यस ऐन बमोजिम महानिर्देशक वा कार्यकारी प्रमुखले आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार आफनो मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | भन्सार ऐनमा मातहतका कार्यालय र कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेको छ। तर केन्द्रलाई समेत अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकाले। |
| **आयकर ऐन,२०५८ मा संशोधन** | | | | |
| १५. | २ (ञ१) | नया थप | (ञ१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले। |

| | | | | |
|---|---|---|---|---|
| १६. | १३६ख. | नया थप | २०. **<u>अधिकार प्रत्यायोजनः</u>** यस ऐन अन्तर्गत मन्त्रालय वा विभाग वा कार्यालयलाई प्राप्त अधिकारमध्ये केही वा सम्पूर्ण अधिकार कुनै कार्यालय वा अधिकृत वा एकल विन्दु सेवा केन्द्रले प्रयोग गर्न सक्ने गरी प्रत्यायोजन गर्न सकिनेछ।<br>तर यस ऐन बमोजिम प्राप्त न्यायिक अधिकार प्रत्यायोजन हुने छैन। | आयकर ऐनमा अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेको देखिएन। केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएकाले केन्द्रलाई समेत अधिकार प्रत्यायोजन गर्न आवश्यक भएको हुदाँ। |
| १७. | १३७. | १३७. <u>नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्नेः</u> कर प्रशासनलाई प्रभावकारी बनाउन नेपाल सरकारले विभागलाई आवश्यक आदेश वा निदेर्शन दिन सक्नेछ। | १३७. **<u>नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्नेः</u>** कर प्रशासनलाई प्रभावकारी बनाउन नेपाल सरकारले विभाग वा एकल विन्दु सेवा केन्द्रलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। | एकल विन्दु सेवा केन्द्रले समेत कर प्रशासनको कार्य गर्न सक्ने भएकाले कर प्रशासन सम्बन्धी सरकारको आदेश केन्द्रलाई समेत लागु हुनु पर्छ। |
| **कम्पनी ऐन,२०६३ मा संशोधन** | | | | |
| १८. | २ (ष१) | नया थप | (ष१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले। |
| १९. | १६(४) | (४) रजिष्ट्रारले यस ऐन अनुसार आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार कार्यालयको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | (४) रजिष्ट्रारले यस ऐन अनुसार आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार कार्यालयको कुनै अधिकृत कर्मचारी वा एकल विन्दु सेवा केन्द्रलाई प्रत्यायोजन गर्न सक्नेछ। | कम्पनी ऐनमा कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेको छ। तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएकाले केन्द्रलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्ने गरी व्यवस्था गरिएको हो। |

| वातावरण संरक्षण ऐन, २०७६ मा संशोधन | | | | |
|---|---|---|---|---|
| २०. | २ (ख१) | नयाँ थप | (ख१) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ। | ऐनमा एकल बिन्दु सेवा केन्द्र उल्लेख भएकोले सोको परिभाषा उल्लेख गर्न वाञ्छनीय भएकाले। |
| २१. | ४२ | ४२. अधिकार प्रत्यायोजन: मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विभाग, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ। | ४२. **अधिकार प्रत्यायोजन**: मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विभाग, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी, कुनै निकाय वा एकल विन्दु सेवा केन्द्रलाई प्रत्यायोजन गर्न सक्नेछ। | वातावरण संरक्षण ऐनमा मातहतका विभाग, र कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्ने व्यवस्था रहेको छ । तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएकाले केन्द्रलाई समेत अधिकार प्रत्यायोजन गर्न पर्ने भएकाले। |

# अनुसूची -३

## एकल बिन्दु सेवा केन्द्रको लागि विभिन्न निकायबाट अधिकार प्रत्यायोजन हुनुपर्ने विषयहरू

| क्र.सं. | ईकाई | निकायगत प्रतिनिधित्व | औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसारको अधिकार | हालसम्म प्रत्यायोजित अधिकार | प्रत्यायोजन हुनुपर्ने अधिकारहरु |
|---|---|---|---|---|---|
| १ | विदेशी विनिमय सहजीकरण ईकाइ | भएको | विदेशी मुद्रा विनिमय स्वीकृती सम्वन्धी कार्य गर्ने। | १. रु. ५ करोड सम्म विदेशी लगानीको स्वीकृति तथा लगानीको समर्थन प्रदान गर्ने<br>२. विदेशी लगानीको लेखांकन र लेखांकन समर्थन विभाग समक्ष सिफारिस गर्ने<br>३. अमेरिकी डलर १ लाखसम्म विदेशी मुद्रामा गरेको लगानीबाट आर्जन गरेको मुनाफा फिर्ता लैजाने।<br>४. विदेशी मुद्रामा नेपाल बाहिर लगानी फिर्ता लैजाने स्वीकृति विभाग समक्ष सिफारिस गर्ने।<br>५. विदेशी मुद्रामा ऋण लिने स्वीकृति विभाग समक्ष सिफारिस गर्ने।<br>६. प्रविधि हस्तान्तरणबाट आर्जित रकमको भुक्तानीका लागि सटहीका लागि विभाग समक्ष सिफारिस गर्ने। | १. ५० करोड सम्म हुनु पर्ने<br>२. २० करोड सम्म हुनुपर्ने<br>३. २० करोड सम्म हुनुपर्ने<br>४. २० करोड सम्म हुनु पर्ने<br>५. १० करोड सम्म हुनु पर्ने<br>६. ५० करोड सम्म हुनुपर्ने<br>७. ईकाईले नै स्वीकृति दिनु पर्ने<br>८. १० लाखसम्म ईकाईले स्वीकृति दिने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ७. वैदेशिक ऋणको साँवा र ब्याज भुक्तानीको सटही स्वीकृति विभाग समक्ष सिफारिस गर्ने । <br>८. विदेशी लगानी तथा वैदेशिक ऋण वापतको अन्य भुक्तानीको सटही स्वीकृति विभाग समक्ष सिफारिस गर्ने । | (सम्वन्धित ईकाईको सुझाव अनुसार) |
| २ | भन्सार तथा राजस्व ईकाई | भएको (उपसचिव राजश्व-१रिक्त) | • स्थायी लेखा नम्बर प्रदान गर्ने, <br>• निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य <br>• वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने, <br>• उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट ,सुविधा वा सहुलियत प्रदान गर्ने | १. स्थाई लेखा नम्बर (PAN) जारी गर्ने । <br>२. आयात निर्यात (EXIM) कोड जारी गर्ने । <br>३. वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने, <br>४. उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट ,सुविधा वा सहुलियत प्रदान गर्ने | १. औद्योगिक व्यवसाय ऐन, २०७६ ले दिएका वाँकी कार्यहरु गर्ने अधिकार <br>२. वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने, <br>३. उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट , सुविधा वा सहुलियत प्रदान गर्ने |
| ३ | भिसा सहजीकरण ईकाई | भएको | • भिसा सुविधा सम्बन्धी कार्य | १. गैर पर्यटक (व्यावसायिक र कामदार) भिसा जारी गर्ने । <br>२. व्यावसायिक भिसा एकलबिन्दु सेवा केन्द्रबाटै जारी गर्ने र सोको जानकारी दैनिक रुपमा अध्यागमन विभागमा बुझाउनु पर्ने । <br>३. एकल विन्द सेवा केन्द्रमा आवश्यक पर्ने | अद्यागमन विभागको महानिर्देशकलाई रहेको अधिकार एकलविन्दु सेवाकेन्द्र प्रमुखलाई हुनु पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | जग्गा सहजीकरण ईकाई | आंशिक भएको (एक जना उपसचिवस्तरको मात्र) | ● उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने,<br>● लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र | १. उद्योगलाई आवश्यक पर्ने हदबन्दी भन्दा बढी जग्गा छुटको लागि सिफारिस गर्ने<br>२. सरकारी जग्गा उद्योगको लागि लिजमा उपलब्ध गराउने सम्बन्धमा सहजीकरण गर्ने । | ● ऐनमा समन्वय, सिफारिश र सहजीकरण मात्र भनिएकोले नेपाल सरकारबाट केन्द्र प्रमुखलाई सिफारिश गर्ने अधिकार प्रत्यायोजन हुनु पर्ने र |
| ५ | वातवरण ईकाई | वातावरण सम्वन्धी कर्मचारीको दरवन्दी नभएको | ● प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य | १. संक्षिप्त वातावरणीय परीक्षण<br>२. प्रारम्भिक वातावरणीय परीक्षण | वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य समेत |
| ६ | पुर्वाधार ईकाई | नभएको (सि.डि.ई. सिभिल, वन अधिकृत, विद्युत/दूरसंचार प्रा. को ईन्जिनियर सवै रिक्त) | उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरुबीच सम्पर्क बिन्दु (फोकल पोइण्ट) सम्बन्धी कार्य गर्ने | अधिकार प्रत्यायोजन नभएको (हालसम्म ईकाई रिक्त रहेको) | फोकल प्वाईन्ट मात्रले के गर्ने भन्ने अन्यौल रहेको<br>दूर संचार प्रा., विद्युत प्रा. सिभिल ईन्जिनयर, मेकानिकल ईन्जनियरको दरवन्दी रहेकोले कर्मचारी खटिनु पर्ने र खटिएका कर्मचारीलाई पुर्वाधार ईकाईको काम गर्न सक्ने गरी पर्याप्त काम कर्तव्य र अधिकार हुनु पर्ने |
| ७ | ऐनले कम्पनी रजिष्ट्रारको अधिकार दिएको | नभएको (मन्त्रालयभित्र बाट खटाउनु पर्ने, ईकाईगत दरवन्दी नरहेको) | कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी | नभएको | संरचना, कर्मचारी र कानूनी अधिकार हुनु पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ऐनले सम्वन्धित विभागको अधिकार दिएको | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग (छुटै ईकाई नभएको तर शा.अ.-१ दरवन्दी रहेको, हाल रिक्त) | श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने, | नभएको | संरचना, कर्मचारी सहित श्रम स्वीकृति र सहमति सम्बन्धी कार्य गर्ने, |
| ९ | ऐनले सम्वन्धित विभागको अधिकार दिएको | वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण ईकाई नभएको | कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी | नभएको | संरचना, कर्मचारी र कानूनी अधिकार हुनु पर्ने |

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ को उपदफा (३) मा निकायलाइ आफनो प्रतिनिधि कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था छ। तर केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नहुदा केन्द्रका प्रमुखमा त्यो जिम्मेवारी नै नआएकोले एकल विन्दु सेवा केन्द्रको प्रमुखलाई अन्य निकायबाट प्रतिनिधित्व हुने ईकाईको अन्तिम निर्णय गर्ने अधिकार भएन। सम्बन्धित निकायको कानूनमा सो निकायबाट खटिएको कर्मचारीको सट्टा एकल विन्दु सेवा केन्द्रको प्रमुखलाई नै अधिकार प्रत्यायोजन गर्ने व्यवस्था गरी सम्बन्धित निकाय कानूनमा समेत संशोधन गर्नु पर्ने देखिन्छ।

# अनुसूची ४

# एकल विन्दु सेवा केन्द्रको प्रस्तावित संगठन संरचना

**महानिर्देशक, रा.प.प्रथम (प्रशासन)-१**

**एकल विन्दु सेवा केन्द्र**

### उद्योग दर्ता तथा अनुमति शाखा

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(प्रशासन/सा.प्र.) | १ |
| शा.अ., रा.प.तृ.(प्रशासन/सा.प्र.) | ३ |

### विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखा

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(इन्जि/मे/ज.मे.ई.) | १ |
| शा.अ., रा.प.तृ. (प्रशासन/सा.प्र.) | ३ |
| मे.ई.,रा.प.तृ. (इन्जि/मे/ज.मे.ई.) | १ |

### प्रविधि तथा वातावरण शाखा

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(इन्जि/मे/ज.मे.ई.) | १ |
| के.ई., रा.प.तृ.(इन्जि/के.ई.) | १ |
| मे.ई.,रा.प.तृ. (इन्जि/मे/ज.मे.ई.) | १ |
| रा.प.तृ.(विविध/वातावरण) | १ |
| रा.प.तृ.(वन/जनरल फरेष्ट्रि) | १ |

### विदेशी विनिमय सहजीकरण इकाई

| | |
|---|---|
| उपनिर्देशक, नेपाल राष्ट्र बैंक | १सहित ४ |

### भन्सार तथा राजश्व इकाई

| | |
|---|---|
| रा.प.द्वि.(प्र./राजश्व) | १ |
| रा.प.तृ.(प्र./राजश्व) | १ |

### पूर्वाधार (उर्जा तथा संचार समेत)

| | |
|---|---|
| रा.प.द्वि.(इञ्जी./सिभिल/जनरल) | १ |
| रा.प.तृ.(इञ्जी./सिभिल/जनरल) | १ |
| इलेक्ट्रिकल इञ्जिनियर (प्राविधिक, सातौं तह) | १ |
| इलेक्ट्रोनिक इञ्जिनियर (प्राविधिक, सातौं तह) | १ |

### जग्गा सहजीकरण इकाई

| | |
|---|---|
| रा.प.द्वि.(प्र./सा.प्र.) | १ |
| रा.प.तृ.(प्र./सा.प्र.) | १ |
| रा.प.अनं.प्र. (इञ्जी./सर्भे) | १ |

### भिषा सहजीकरण इकाई

| | |
|---|---|
| रा.प.द्वि.(प्र./सा.प्र.) | १ |
| रा.प.तृ. (प्र./सा.प्र.) | १ |

### कानून शाखा

| | |
|---|---|
| उपसचिव, रा.प.द्वि (न्याय/कानून) | १ |
| कानून अधिकृत, रा.प.तृ. (न्याय/कानून) | १ |

### घरेलु, साना तथा मझौला उद्योग प्रवर्द्धन शाखा

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(प्रशासन/सा.प्र.) | १ |
| शा.अ., रा.प.तृ.(प्रशासन/सा.प्र.) | १ |
| के.ई., रा.प.तृ.(इन्जि/के.ई.) | १ |

### औद्योगिक सम्पत्ति शाखा (क)

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(प्रशासन/सा.प्र.) | १ |
| शा.अ., रा.प.तृ.(प्रशासन/सा.प्र.) | २ |
| आर्किटेक्ट इन्जिनियर, (इन्जि/आर्किटेक्ट) | १ |

### औद्योगिक सम्पत्ति शाखा (ख)

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(प्रशासन/सा.प्र.) | १ |
| शा.अ., रा.प.तृ.(प्रशासन/सा.प्र.) | २ |

### प्रशासन तथा सुविधा शाखा

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(प्रशासन/सा.प्र.) | १ |
| शा.अ., रा.प.तृ.(प्रशासन/सा.प्र.) | २ |
| ले.अ., रा.प.तृ.(प्रशासन/लेखा) | १ |
| कम्प्युटर इन्जि, रा.प.तृ.(विविध) | १ |
| क.अ., रा.प.तृ.(विविध) | १ |
| ना.सु., रा.प.अनं.प्र. (प्रशासन/सा.प्र.) | ११ |
| क.अ., रा.प.अनं.प्र. (विविध) | ९ |
| ले.पा., रा.प.अनं.प्र. (प्रशासन/लेखा) | १ |
| तथ्याङ्क सहायक, रा.प.अनं प्र. (आ.यो.त./तथ्याङ्क) | १ |
| सह-लेखापाल, रा.प.अनं.द्वि. (प्रशासन/लेखा) | १ |
| ह.स.चा., श्रेणीविहीन (प्रशासन/सा.प्र.) | ४ |
| का.स., श्रेणीविहीन (प्रशासन/सा.प्र.) | १५ |
| माली, श्रेणीविहीन (प्रशासन/सा.प्र.) | २ |
| स्वीपर, श्रेणीविहीन (प्रशासन/सा.प्र.) | २ |
| सुरक्षाकर्मी/पालोपहरा, श्रेणीविहीन (प्रशासन/सा.प्र.) | २ |

### योजना, अनुगमन तथा औद्योगिक तथ्याङ्क शाखा

| | |
|---|---|
| निर्देशक, रा.प.द्वि.(इन्जि/के.ई.) | १ |
| शा.अ., रा.प.तृ.(प्रशासन/सा.प्र.) | १ |
| तथ्याङ्क अधिकृत, (आ.यो.त./तथ्याङ्क) | १ |
| मे.ई.,रा.प.तृ. (इन्जि/मे/ज.मे.ई.) | १ |

# अनुसूची ५
## एकल विन्दु सेवा केन्द्रको कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू

| क्र.स. | समस्या | तत्कालीन सुधार | दीर्घकालीन सुधार | दीर्घकालीन क्रियाकलाप |
|---|---|---|---|---|
| १. | औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३८ मा रहेका केन्द्रका अधिकार निकायगत कानूनमा पनि रहेकाले केन्द्र र निकायको काममा दोरोपना देखिई केन्द्रका प्रतिनिधि कर्मचारीलाई काम गर्न दुविधा भएको । | अनुसूची १ मा उल्लेख भए बमोजिम औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन गर्नुपर्ने । | एकल विन्दु सेवा केन्द्रको संचालन व्यवस्थापन तथा काम, कर्तव्य र अधिकारलाई समावेश गरी एकल विन्दु सेवा केन्द्रको संचालन सम्बन्धी एकिकृत छाता ऐन बनाउनु पर्ने । | ऐन तर्जुमाका लागि शुरूमा विज्ञ वा विज्ञ समूहलाई मस्यौदा तयार गर्न लगाई सो मस्यौदा सम्बन्धमा निकायगत रूपमा छलफल अन्तरक्रिया गर्नुपर्ने । |
| २. | औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०७६।१।१६ मा राजपत्रमा प्रकाशित सूचनामा केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएको र निकायगत विषेश ऐनमा समेत केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने उल्लेख नभएको हुँदा अधिकार प्रत्यायोजनमा समस्या रहेको । | अनुसूची २ मा उल्लेख भए बमोजिम निकायसंग सम्बन्धित ऐनमा संशोधन गर्नु पर्ने । तत्कालका केन्द्रको भूमिकालाई शुरूवात र सहज रूपमा संचालन गर्न अनुसूची २ बमोजिमका विषयमा सम्बन्धित निकायबाट अधिकार प्रत्यायोजन हुनुपर्ने । | एकल विन्दु सेवा केन्द्रको संचालन व्यवस्थापन तथा काम, कर्तव्य र अधिकारलाई समावेश गरी एकल विन्दु सेवा केन्द्रको संचालन सम्बन्धी एकिकृत छाता ऐन बनाउनु पर्ने । | ऐन तर्जुमाका लागि शुरूमा विज्ञ वा विज्ञ समूहलाई मस्यौदा तयार गर्न लगाई सो मस्यौदा सम्बन्धमा निकायगत रूपमा छलफल अन्तरक्रिया गर्नुपर्ने । |
| ३. | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०७६।१।१६ मा नेपाल राजपत्रमा प्रकाशित एकल विन्दु सेवा केन्द्रको एकल विन्दु सेवा केन्द्रको स्थापना | केन्दमा निकायगत प्रतिधित्वका लागि मन्त्रालय मार्फत सम्बन्धित निकायका नेतृत्व तहसँग समन्वय गरी प्रतिनिधि खटाउने व्यवस्था गर्नु पर्ने । | संभव हुनेसम्म निकायगत प्रतिधित्वको अन्त गरी केन्द्रका आफ्नै कर्मचारीको व्यवस्था हुनुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम केन्द्रमा सबै निकायको प्रतिनिधित्व नभएको । | | | |
| ४. | केन्दको कामको विश्लेषण गरी एकाइ तथा दरवन्दी गठन नभएको । | अनुसूची ३ मा उल्लेख भए अनुसार एकल विन्दु सेवा केन्द्रको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई पुनरावलोकन गरी मिति २०७६।१।१६ मा प्रकाशित उक्त नेपाल राजपत्रमा संशोधन गर्नुपर्ने । | कार्य प्रकृति, कार्य भार र कार्य विवरणका आधारमा कार्य विश्लेषण गरी एकाइ तथा दरवन्दी निर्धारण गर्नु पर्ने । | एकल विन्दु सेवा केन्द्रका लागि आवश्यक पर्ने स्थायी संगठन संरचना तथा<br>दरवन्दीलाई केन्द्रले प्रदान गर्ने सेवाका आधारमा निर्धारण गर्न ३ सदस्यीय अध्ययन टोली गठन हुनुपर्ने । |
| ५. | केन्द्र वा प्रतिनिधित्व गर्ने निकायका कर्मचारीले कसरी काम गर्ने, निजहरूको केन्द्र प्रतिको जिम्मेवारी के हुने, कार्य प्रवाह र निर्णय कसरी हुने, सो विषयहरूलाई समाबेश गरी कार्यविधि तर्जुमा नभएको । | प्रतिनिधि निकायसंग समन्वय गरी ती निकायसँग सम्बन्धित तथा औद्योगिक व्यवसायसँग सम्बन्धित कार्यविधि कानूनको अधिनमा रही इकाइगत कार्य प्रवाह, कार्य प्रक्रियालाई सरल र सहज बनाउने गरी विद्युतीय प्रणाली समेत प्रयोग गर्न सक्ने गरी मन्त्रालय मार्फत तत्काल आन्तरिक कार्य संचालन कार्यविधि र संभव भएसम्म विद्युतिय (Online) प्रयोग सम्बन्धी कार्यविधी बनाई लागू गर्नुपर्ने । | एकल विन्दु सेवा केन्द्रको छाता ऐन तर्जुमा भए पश्चात ऐनमा व्यवस्था भए बमोजिम केन्द्रको कार्यविधि बनाउनु पर्ने हुँदा हाल थप कारवाही नगर्ने । | |